आज मिति २०७७ साल आषाढ १० गते बुधवारका दिन ईश्वरपुर नगरपालिकाको चौथो नगर सभाको शुभारम्भ बैठक नगर प्रमुख श्री मनोज कुमार देवकोटाज्यूको अध्यक्षतामा तपसिलका नगर सभा सदस्यज्यूहरुको उपस्थितिमा बसी आगामी आ.व. २०७७/०७८ का लागि ईश्वरपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरियो ।

ईश्वरपुर नगरपालिका कार्यपालिकाको कार्यालय ईश्वरपुर, सलाही प्रदेश नं. २ नेपाल २०७७

मनोज कुमार देवकोटा नगर प्रमुख

सि.नं.	पद	नाम, थर	हस्ताक्षर
१	नगर प्रमुख	श्री मनोज कुमार देवकोटा	
२	उप प्रमुख	श्री एकावती देवी चौधरी	
३	नगर सभा सदस्य	श्री दुःखा प्रसाद चौधरी	
४	नगर सभा सदस्य	श्री शौखत अन्सारी धुनिया	
५	नगर सभा सदस्य	श्री देवमाया श्रेष्ठ	
६	नगर सभा सदस्य	श्री गोखरी देवी महरा	
७	नगर सभा सदस्य	श्री रामवली साह	
८	नगर सभा सदस्य	श्री संजय कुमार चौधरी	
९	नगर सभा सदस्य	श्री सुरेन्द्र बहादुर कार्की	
१०	नगर सभा सदस्य	श्री हिरा कुमारी मोक्तान	
११	नगर सभा सदस्य	श्री अनतिया देवी पासवान	
१२	नगर सभा सदस्य	श्री गणेश साह तेली	
१३	नगर सभा सदस्य	श्री लिल बहादुर ब्लोन	
१४	नगर सभा सदस्य	श्री सूर्य कुमार श्रेष्ठ	
१५	नगर सभा सदस्य	श्री विष्णु माया	
१६	नगर सभा सदस्य	श्री राधिका सार्की	
१७	नगर सभा सदस्य	श्री विलास सहनी	
१८	नगर सभा सदस्य	श्री मुखिया देवी राय	

१९	नगर सभा सदस्य	श्री टंक बहादुर रूम्बा लामा	
२०	नगर सभा सदस्य	श्री रमा देवी अधिकारी	
२१	नगर सभा सदस्य	श्री गिता कुमारी परियार	
२२	नगर सभा सदस्य	श्री उजुर बहादुर बुढाथोकी	
२३	नगर सभा सदस्य	श्री टेकमाया पुलामी	
२४	नगर सभा सदस्य	श्री रूप बहादुरर आले मगर	
२५	नगर सभा सदस्य	श्री रिता देवी घिसिङ	रिता
२६	नगर सभा सदस्य	श्री मिना देवी बि.क.	मिना
२७	नगर सभा सदस्य	श्री रामचन्द्र महतो	रामचन्द्र महतो
२८	नगर सभा सदस्य	श्री महिन्द्र महतो	महेन्द्र महतो
२९	नगर सभा सदस्य	श्री मोहमद रहमन अन्सारी	रहमान
३०	नगर सभा सदस्य	श्री रामसखी देवी दनुवार	रामसखी
३१	नगर सभा सदस्य	श्री शारदा देवी पासवान	शारददेवी
३२	नगर सभा सदस्य	श्री अर्जुन कुमार गिरी	
३३	नगर सभा सदस्य	श्री मोहम्मद हदिस	हदिस
३४	नगर सभा सदस्य	श्री सुरत सिंह	
३५	नगर सभा सदस्य	श्री उर्मिलादेवी सिंह	उर्मिला
३६	नगर सभा सदस्य	श्री अकली देवी दनुवार	अकली
३७	नगर सभा सदस्य	श्री जहुर शेख	जहीर
३८	नगर सभा सदस्य	श्याम बहादुर थापा	श्यामबहादुर
३९	नगर सभा सदस्य	श्री मदन कुमारी कार्की	मदन

नगरकार्यपालिकाको कार्यालय
लहरपुर, सलाहा
प्रदेश नं. २
२०७२

४०	नगर सभा सदस्य	श्री सोमारी देवी माझी	
४१	नगर सभा सदस्य	श्री लक्ष्मण प्रसाद मैनाली	लक्ष्मण प्रसाद
४२	नगर सभा सदस्य	श्री सियाराम राउत कुर्मी	
४३	नगर सभा सदस्य	श्री अमिरी लाल साह तेली	
४४	नगर सभा सदस्य	श्री पार्वती देवी चौधरी	पार्वती देवी 4/1 पी)
४५	नगर सभा सदस्य	श्री लिलम कुमारी	लिलम
४६	नगर सभा सदस्य	श्री लक्ष्मी प्रसाद महतो	
४७	नगर सभा सदस्य	श्री नागेन्द्र राय	
४८	नगर सभा सदस्य	श्री राज नारायण चौधरी	
४९	नगर सभा सदस्य	श्री पास पती	पासपती
५०	नगर सभा सदस्य	श्री ईन्दल कुमारी देवी चमार	ईन्दल
५१	नगर सभा सदस्य	श्री सुरज माझी	सुरज
५२	नगर सभा सदस्य	श्री जोग नारायण चौधरी	
५३	नगर सभा सदस्य	श्री राम दुलार साह	
५४	नगर सभा सदस्य	श्री शैलिया देवी कुम्हार	शैलिया
५५	नगर सभा सदस्य	श्री पार्वती कुमारी	4/2 पी
५६	नगर सभा सदस्य	श्री सोनेलाल साह रौनियार	
५७	नगर सभा सदस्य	श्री उमेश राय	उमेश राय
५८	नगर सभा सदस्य	श्री नागेन्द्र पाखिन	
५९	नगर सभा सदस्य	श्री ढलक बहादुर विश्वकर्मा	
६०	नगर सभा सदस्य	श्री मधुमाया कुमारी थिङ	मधु

ईश्वरपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ईश्वरपुर, सलाही
प्रदेश नं. २
२०७३

६१	नगर सभा सदस्य	श्री जुना परियार	जुना
६२	नगर सभा सदस्य	श्री कैलाश कार्की	
६३	नगर सभा सदस्य	श्री राज कुमार खड्का	
६४	नगर सभा सदस्य	श्री राम करण महतो कोईरी	
६५	नगर सभा सदस्य	श्री गंगामाया श्रेष्ठ	गंगा
६६	नगर सभा सदस्य	श्री मनमाया विश्वकर्मा	मनमाया
६७	नगर सभा सदस्य	श्री नथुनी हलुवाई	नथुनी
६८	नगर सभा सदस्य	श्री राम भरोस महतो	
६९	नगर सभा सदस्य	श्री राम पुकार महतो कोईरी	
७०	नगर सभा सदस्य	श्री गिता देवी	
७१	नगर सभा सदस्य	श्री निसा परियार	
७२	नगर सभा सदस्य	श्री जोगेन्द्र चौधरी थारू	
७३	नगर सभा सदस्य	श्री लक्ष्मेश्वर साह कलवार	
७४	नगर सभा सदस्य	श्री कपिल देव चौधरी थारू	
७५	नगर सभा सदस्य	श्री ईन्दल देवी थरूनी	
७६	नगर सभा सदस्य	श्री सुगावती देवी तत्मा	सुगावती
७७	नगर सभा सदस्य	श्री देव शरण राय	
७८	नगर सभा सदस्य	श्री नईम अन्सारी	

७९ सचिव श्री रमेश गौतम

ईश्वरपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ईश्वरपुर, सलाही प्रदेश नं. २ नेपाल २०७३

ईश्वरपुर नगर
नगरकार्यपालिकाको
ईश्वरपुर, दलही
नेपाल
दर्ता नं. २०७२

प्रस्ताव हरु

१. आगामी आ.व. २०६६।०६८ का लागि नगरप्रमुख ज्यूबाट प्रस्तुत बजेट वक्तव्य, नीति तथा कार्यक्रम सम्बन्धमा
२. आर्थिक विधेयक २०६६ सम्बन्धमा
३. विनियोजन विधेयक, २०६६ सम्बन्धमा
४. आगामी बैंकमा सम्बन्धमा

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाका नगरप्रमुखबाट आगामी आ.व. २०६६।०६८ को लागि प्रस्तावित नीति तथा कार्यक्रम साहितको बजेट वक्तव्य माथि छलफल प्रारम्भ भयो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको आगामी आ.व. २०६६।०६८ कालागि प्रस्तावित आर्थिक विधेयक, २०६६ माथि दफावार छलफल प्रारम्भ भयो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा ईश्वरपुर नगरपालिकाको आगामी आ.व. २०६६।०६८ का लागि प्रस्तावित विनियोजन विधेयक, २०६६ माथि दफावार छलफल प्रारम्भ भयो।
४. ईश्वरपुर नगरपालिकाका नगरसभाको बैठक फागुन २०६६ साल अन्त्य सम्मत विदा बाहेक प्रत्येक बुधवार बस्ने निर्णय गरियो।

गंगा मधु अकली मनमाया गोविन्दसाह मदन

आज मिति २०७७ साल आषाढ २० गते शनिवारका दिन ईश्वरपुर नगरपालिकाको चौथो नगर सभाको दोस्रो बैठक नगर प्रमुख श्री मनोज कुमार देवकोटाज्यूको अध्यक्षतामा तपसिलका नगर सभा सदस्यज्यूहरूको उपस्थितिमा बसी आगामी आ.व. २०७७/०७८ का लागि ईश्वरपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरियो ।

ईश्वरपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ईश्वरपुर, सलाही प्रदेश नं. २ नेपाल २०७७

मनोज कुमार देवकोटा
नगर प्रमुख

सि.नं.	पद	नाम, थर	हस्ताक्षर
१	नगर प्रमुख	श्री मनोज कुमार देवकोटा	मनोजकुमार देवकोटा
२	उप प्रमुख	श्री एकावती देवी चौधरी	
३	नगर सभा सदस्य	श्री दुःखा प्रसाद चौधरी	
४	नगर सभा सदस्य	श्री शौस्वत अन्सारी धुनिया	
५	नगर सभा सदस्य	श्री देवमाया श्रेष्ठ	देवमाया
६	नगर सभा सदस्य	श्री गोस्वरी देवी महरा	गोस्वरी
७	नगर सभा सदस्य	श्री रामवली साह	
८	नगर सभा सदस्य	श्री संजय कुमार चौधरी	
९	नगर सभा सदस्य	श्री सुरेन्द्र बहादुर कार्की	सुरेन्द्र बहादुर
१०	नगर सभा सदस्य	श्री हिरा कुमारी मोक्तान	हिरा
११	नगर सभा सदस्य	श्री अनतिया देवी पासवान	अनतिया
१२	नगर सभा सदस्य	श्री गणेश साह तेली	गणेश साह
१३	नगर सभा सदस्य	श्री लिल बहादुर ब्लोन	
१४	नगर सभा सदस्य	श्री सूर्य कुमार श्रेष्ठ	
१५	नगर सभा सदस्य	श्री विष्णु माया	विष्णु माया
१६	नगर सभा सदस्य	श्री राधिका सार्की	राधिका
१७	नगर सभा सदस्य	श्री विलास सहनी	

१९	नगर सभा सदस्य	श्री टंक बहादुर रूम्बा लामा	
२०	नगर सभा सदस्य	श्री रमा देवी अधिकारी	
२१	नगर सभा सदस्य	श्री गिता कुमारी परियार	
२२	नगर सभा सदस्य	श्री उजुर बहादुर बुढाथोकी	
२३	नगर सभा सदस्य	श्री टेकमाया पुलामी	टेकमाया
२४	नगर सभा सदस्य	श्री रूप बहादुरर आले मगर	
२५	नगर सभा सदस्य	श्री रिता देवी घिसिङ	रिता
२६	नगर सभा सदस्य	श्री मिना देवी बि.क.	मिना
२७	नगर सभा सदस्य	श्री रामचन्द्र महतो	
२८	नगर सभा सदस्य	श्री महिन्द्र महतो	
२९	नगर सभा सदस्य	श्री मोहमद रहमन अन्सारी	रहमन
३०	नगर सभा सदस्य	श्री रामसखी देवी दनुवार	रामसखी
३१	नगर सभा सदस्य	श्री शारदा देवी पासवान	शारदादेवी
३२	नगर सभा सदस्य	श्री अर्जुन कुमारी गिरी	
३३	नगर सभा सदस्य	श्री मोहम्मद हदिस	
३४	नगर सभा सदस्य	श्री सुरत सिंह	
३५	नगर सभा सदस्य	श्री उर्मिलादेवी सिंह	
३६	नगर सभा सदस्य	श्री अकली देवी दनुवार	
३७	नगर सभा सदस्य	श्री जहुर शेख	
३८	नगर सभा सदस्य	श्याम बहादुर थापा	

ईश्वरपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ईश्वरपुर, सलाही
प्रदेश नं. २ नेपाल
२०७२

३९	नगर सभा सदस्य	श्री मदन कुमारी कार्की	मदन
४०	नगर सभा सदस्य	श्री सोमारी देवी माझी	
४१	नगर सभा सदस्य	श्री लक्ष्मण प्रसाद मैनाली	लक्ष्मण प्र मै
४२	नगर सभा सदस्य	श्री सियाराम राउत कुर्मी	सिया
४३	नगर सभा सदस्य	श्री अमिरी लाल साह तेली	
४४	नगर सभा सदस्य	श्री पार्वती देवी चौधरी	पार्वती
४५	नगर सभा सदस्य	श्री लिलम कुमारी	लिलम
४६	नगर सभा सदस्य	श्री लक्ष्मी प्रसाद महतो	
४७	नगर सभा सदस्य	श्री नागेन्द्र राय	नागेन्द्र राय
४८	नगर सभा सदस्य	श्री राज नारायण चौधरी	राजनारायण.
४९	नगर सभा सदस्य	श्री पास पती	
५०	नगर सभा सदस्य	श्री ईन्दल कुमारी देवी चमार	ईन्दल
५१	नगर सभा सदस्य	श्री सुरज माझी	सुरज
५२	नगर सभा सदस्य	श्री जोग नारायण चौधरी	चौधरी
५३	नगर सभा सदस्य	श्री राम दुलार साह	
५४	नगर सभा सदस्य	श्री शैलिया देवी कुम्हार	शैलिया
५५	नगर सभा सदस्य	श्री पार्वती कुमारी	
५६	नगर सभा सदस्य	श्री सोनेलाल साह रौनियार	सोनेलाल
५७	नगर सभा सदस्य	श्री उमेश राय	उमेश राय
५८	नगर सभा सदस्य	श्री नागेन्द्र पासवान	

ईश्वरपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ईश्वरपुर, सलही
प्रदेश नं. २
२०७३

५९	नगर सभा सदस्य	श्री ढलक बहादुर विश्वकर्मा	
६०	नगर सभा सदस्य	श्री मधुमाया कुमारी थिङ	मधु
६१	नगर सभा सदस्य	श्री जुना परियार	जुना
६२	नगर सभा सदस्य	श्री कैलाश कार्की	
६३	नगर सभा सदस्य	श्री राज कुमार खड्का	
६४	नगर सभा सदस्य	श्री राम करण महतो कोईरी	
६५	नगर सभा सदस्य	श्री गंगामाया श्रेष्ठ	गंगा
६६	नगर सभा सदस्य	श्री मनमाया विश्वकर्मा	मनमाया
६७	नगर सभा सदस्य	श्री नथुनी हलुवाई	नथुनी
६८	नगर सभा सदस्य	श्री राम भरोस महतो	
६९	नगर सभा सदस्य	श्री राम पुकार महतो कोईरी	
७०	नगर सभा सदस्य	श्री गिता देवी	
७१	नगर सभा सदस्य	श्री निसा परियार	
७२	नगर सभा सदस्य	श्री जोगेन्द्र चौधरी थारू	
७३	नगर सभा सदस्य	श्री लक्ष्मेश्वर साह कलवार	
७४	नगर सभा सदस्य	श्री कपिल देव चौधरी थारू	
७५	नगर सभा सदस्य	श्री ईन्दल देवी थरूनी	
७६	नगर सभा सदस्य	श्री सुगावती देवी तत्मा	
७७	नगर सभा सदस्य	श्री देव शरण राय	
७८	नगर सभा सदस्य	श्री नईम अन्सारी	

ईश्वरपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ईश्वरपुर, सलाही
प्रदेश नं. २
२०७३ नेपाल

ईश्वरपुर नगरपालिकाको नगरसभाबाट आ.व. २०७७/०७८ मा लागि स्वीकृत नीति, नियम तथा निर्णयहरु

निर्णय नं. १

कोरोना भाइरस (KOVID-19) को विश्वव्यापी महामारीबाट हाम्रो नगरपालिका पनि अछुतो रहेन । यस विपत्तीको घडीमा जनजीवनको सुरक्षा हाम्रो लागि प्रमुख चुनौती बनेको छ । नगरपालिकाले कोरोना रोकथामको लागि श्रोत र साधनले भ्याएसम्म आवश्यक सबै काम गर्नेछ । यस नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य सरकारी/गैर सरकारी निकायसँग सहकार्य गरी रहेकोमा आगामी दिनमा पनि यसलाई अझ प्रभावकारी रुपमा अगाडि बढाईने छ । जनताको जीवन रक्षाका लागि हर सम्भव उपायहरु अवलम्वन गरी सोही अनुसार जनशक्ति एवं श्रोत साधनको परिचालन गरिने छ । उपर्युक्त चुनौतीबाट पार पाउन वडास्तर लगायत सम्वन्धित सम्पूर्ण क्षेत्रमा आवश्यक्ता अनुसार आवश्यक सम्पूर्ण व्यवस्थापन गरिने निर्णय गरियो ।

निर्णय नं. २

ईश्वरपुर नगरपालिकाको तेस्रो नगरसभाबाट स्वीकृत विनियोजन ऐन, २०७६ मा कोरोना भाइरस (कोभिड १९) नियन्त्रण तथा व्यवस्थापनकोलागि चालु आ.व. २०७६/०७७ बजेट विनियोजन नभएता कोरोना भाइरस महामारी (कोभिड १९) नियन्त्रण तथा व्यवस्थापनकोलागि नगर कार्यपालिकाको मिति २०७६।१२।२१ र मिति २०७७।०२।०८ को बैठकबाट विनियोजन ऐन, २०७६ मा स्वीकृत विभिन्न शिर्षकहरुमा विनियोजित बजेटलाई रकमान्तर गरी कोरोना नियन्त्रण कोषमा राखिएको रकमलाई रकमान्तर गर्ने सम्वन्धी नगर कार्यपालिकाको मिति २०७६।१२।२१, मिति २०७७।०१।०८ र मिति २०७७।०२।०८ को निर्णयहरु समर्थन गर्ने निर्णय गरियो । साथै कोरोना भाइरस (कोभिड १९) नियन्त्रण तथा व्यवस्थापन सम्वन्धमा २०७७ असार १९ गतेसम्म भएको खर्चलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

ईश्वरपुर नगरपालिकाको तेस्रो नगरसभाबाट स्वीकृत विनियोजन ऐन, २०७६ मा देहायका शिर्षकहरुकालागि स्वीकृत बजेट अपुग भएकोमा नगर कार्यपालिका तथा नगरस्तरीय निर्णयबाट भएको बजेट रकमान्तर सम्वन्धी निर्णयलाई समर्थन गरियो ।

बैठक	मिति	शिर्षक	थप स्वीकृत बजेट	रकमान्तर गरी बजेट घटाइएको शिर्षक
कार्यपालिका	२०७७।०२।३२	पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन	७,००,०००।-	पुँजीगत सुधार कार्यक्रम
कार्यपालिका	२०७७।०२।३२	मेशिनरी औजार	७,००,०००।-	पुँजीगत सुधार कार्यक्रम

निर्णय नं. ४

ईश्वरपुर नगर कार्यपालिकाको देहायका मितिहरुमा भएका बैठक एवं नगरपालिकास्तरीय निर्णयहरुबाट स्थानीय नागरिकको माग बमोजिम वडा समितिबाट सिफारिस भएका तर विनियोजन ऐन, २०७६ मा समावेश नभएका अतिआवश्यक योजना सञ्चालनकोलागि स्वीकृत भएको योजना तथा विनियोजित बजेट सर्मथन गर्ने निर्णय गरियो । साथै वडा समितिबाट योजना परिवर्तनकालागि निर्णय र सिफारिस भई आएका देहायका योजनाहरु परिवर्तन सम्बन्धी निर्णयहरु समेत समर्थन गरियो ।

थप योजना र थप बजेट सम्वन्धी विवरण

बैठक	मिति	योजना	स्वीकृत बजेट	शिर्षक
कार्यपालिका	२०७६।११।१३	वडा नं. १२ फुलजोरखोलामा तल्लो कुलो निर्माणकोलागि थप बजेट	५,००,०००।-	क्र.सं. ११० कृषि विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम तथा कृषि सिंचाई विकास कार्यक्रम
कार्यपालिका	२०७६।११।१३	वडा नं. १२ कालिन्जोर खानेपानीकोलागि खरिद गरिएको आवश्यक सामाग्रीको भुक्तानी	१,३९,०००।-	क्र.सं. ९३ ग्रामिण खानेपानी पुर्वाधार निर्माण विकास कार्यक्रम
कार्यपालिका	२०७६।११।१३	वडा नं. १४ श्रीनगर-सागरनाथ वाटोको सिमा परिवर्तन भई वाटो मर्मत सम्वन्धी योजनाको भुक्तानी	५,००,०००।-	क्र.सं. २१२ पुँजीगत सुधार कार्यक्रम

धनगरपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय धनगरपुर, सर्लाही प्रदेश नं. २ नेपाल
२०७३

नगरपालिकास्तरीय	२०७७०२।०१	शिरकालिन्जोर विद्युत विस्तार	४,५८,०००।-	क्र.सं.८९ ग्रमिण विद्युतीकरणवाट थप रु. ५८,०००।-
कार्यपालिका	२०७७०२।०८	वडा नं. १२ रिंगरोडकोलागि ह्युमपाइप खरिद गरी उपलब्ध गराउने	५,००,०००।-	क्र.सं. २१२ पुँजीगत सुधार कार्यक्रम
		नगरपालिकाको नयाँ कार्यालय भवन परिसरमा माटो भर्ने कार्य	५,००,०००।-	क्र.सं. २१२ पुँजीगत सुधार कार्यक्रम
		नगरपालिकाको नयाँ कार्यालय भवनको कम्पाउण्डवाल भेरियशन रकम		क्र.सं. २१२ पुँजीगत सुधार कार्यक्रम
कार्यपालिका	२०७७०२।०८	वडा नं. १५ बसनिया मेनसडक पासपतिको घरदेखि स्कुलसम्म नाला निर्माणकोलागि स्वीकृत बजेट रु. १० लाखमा ५ थप गरी रु. १५ लाख कायम गर्ने	५,००,०००।-	वडा नं. १५ को क्र.सं. १० कोलागि स्वीकृत बजेटवाट १० लाख घटाउने
नगरपालिकास्तरीय	२०७७०२।३०	हैण्डपाइप सेट खरिद तथा जडान	५,००,०००।-	क्र.सं. ९३ ग्रामिण खानेपानी पुर्वाधार निर्माण विकास कार्यक्रम
		इनार निर्माण वडा नं. १४ मुसहरवस्ती	१,८५,०००।-	
		वडा नं. १३ को ४ वटा इनार मर्मत	२,३७,०००।-	
		वडा नं. १४ को इनार मर्मत	१,६५,०००।-	
		वडा नं. १३ धर्मशाला टोलमा स्याल्लो ट्युवेल जडान	५,००,०००।-	

वडावाट योजना परिवर्तनकालागि सिफारिस भई संसोधन भएका योजना विवरण

वडा नं.	योजनाको नाम	स्वीकृत बजेट (रु.)	परिवर्तनको लागि सिफारिस भएको योजना	परिवर्तन गर्नु पर्ने कारण
४	लोकनाथ पाण्डेको घरदेखि उत्तर स्यालो ट्युवेल जडान ६ इन्चको	४,५०,०००।-	सागरनाथ मा.वि.मा स्यालो ट्युवेल जडान ६ इन्चको	सागरनाथ मा.वि.मा क्यारेन्टाईन संचालन/व्यवस्थापन गरिएको र विद्यालयमा खानेपानीको समस्या समेत भएकोले
४	सागरनाथ परियोजना साइटको मेनगेट वनाउने	३,००,०००।-	लोकनाथ पाण्डेको घर देखि वोरिङ उत्तर समीको गाछीसम्म, पोखरी डाडादेखि पश्चिम डम्वर वि.क.को घरसम्म ग्राभेल	सागरनाथ परियोजना साइटको मेनगेट तत्काल वनाउन समस्या भएको र घरवस्ती भएको क्षेत्रको बाटो अत्यन्त खराव भई नागरिकवाट उक्त बाटो वनाउन माँग भएकोले
५	अद्वैत संस्थाको कम्पाउण्ड घेरावेरा	१,००,०००।-	मगरटोलको सडक थप ढलान कार्य	अद्वैत संस्थाले सरकारी बजेट प्रयोग नगर्ने भनी जानकारी गराएको र मगरटोलमा सडक ढलान कार्य भईरहेको र उक्त योजनामा थप बजेटको आवश्यकता समेत भएको
१४	हरकठवाको महिलाहरुकोलागि सिपमुलक तालिम, नेतृत्व विकास तालिम	१,००,०००।-	श्री जनता मा.वि. श्रीनगर मा ६ इन्चको पावर ड्रिल गर्ने	श्री जनता मा.वि. श्रीनगर मा वडा नं. १३ र १४ का विदेशवाट फर्किएका नागरिकहरुकोलागि क्यारेन्टाईन संचालन/व्यवस्थापन गरिएको र विद्यालयमा खानेपानीको समस्या समेत भएकोले
	श्रीनगर हरकठवा भरी नर्या कृषि सडक निर्माण	४,००,०००।-		

नगरकार्यपालिकाको
ईश्वरपुर, सलाही
प्रदेश नं. २ नेपाल
२०७३

१	पेट्रोल पम्पदेखि मोहनगंज जाने सडक मर्मत	२,००,०००।-	शंकरगंजमा भित्री सडक ढलान	शंकरगंज गाउँ भित्रको सडकको अवस्था अत्यन्त खराब भएको र गाउँ भित्र सडक ढलान गर्न नागरिकहरुवाट माग भएकोले उक्त वाटो ढलान गर्न आवश्यक भएको
	पोखरिया चोक देखि उत्तर सडक मर्मत	३,००,०००।-		
	बैधनाथपुरमा कल्भर्ट निर्माण	३,००,०००।-		
	शंकरगंजमा चुलाईको घर नजिक र आ.वि. देखि पोखरियाको ब्रम्हस्थानमा कल्भर्ट निर्माण	९,००,०००।-		
	नयाँटोलको ब्रम्हस्थान निर्माण	३,००,०००।-		
३	कुरैनिया सावरी मन्दिर निर्माण	२,००,०००।-	ईश्वरपुर ३, तिनघरियामा सडक ढलान	मन्दिर निर्माणकोलागि विनियोजित बजेटले मन्दिर निर्माण बनेट नपुग हुने
	चोक पुर्व कृषि सिंचाईकोलागि तारपोल खरिद	२,००,०००।-		तारपोल गर्न विनियोजित बजेटले तारपोल गर्न बजेट नपुग भई अधुरो रहने
	वडा समितिलाई भ्रमण र अवलोकन	१,००,०००।-		वन्दावन्दीको कारण अध्ययन अवलोक भ्रमण हुन नहुने भएको
	अद्वैत संस्थाको भवन प्लास्टर	१,००,०००।-		अद्वैत संस्थाले सरकारी बजेट लिन अस्वीकार्य गरेको
	श्री ओमकार नर्वदेश्वर महादेव मन्दिर	३,००,०००।-		मन्दिर उद्घाटनकोलागि बजेट विनियोजन गरिएकोमा वन्दावन्दीको कारणले उद्घाटन गर्न नमिल्ने भएको

निर्णय नं. ५

ईश्वरपुर नगरपालिकाको तेस्रो नगरसभावाट चालु आ.व. २०७६।०७७ को लागि स्वीकृत विनियोजन ऐन, २०७६ मा समावेश भएका एवं संघीय सरकार तथा प्रदेश सरकारवाट स्वीकृत भई आएका सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान तर्फका कार्यक्रमहरु कार्यान्वयनकोलागि उपभोक्ता समिति एवं ठेकदारहरुसंग गरिने सम्झौताको म्याद कार्यपालिकाको वैठकवाट २०७७।०२।१५ गतेसम्म र भुक्तानी तथा योजना फरफारकको म्याद २०७७।०३।२५ गतेसम्म तोकिएकोमा उक्त अवधिमा योजना सम्झौता हुन छुट भएका योजनाको सम्झौताको म्याद २०७७।०२।३२ सम्मकालागि थप गर्ने र सम्झौता भई कार्यान्वयन भएका योजनाको कार्यसम्पन्न गरी भुक्तानीकोलागि माग आएमा योजनाको भुक्तानी दिने अवधि २०७७ असार ३१ गतेसम्मको लागि थप गर्ने निर्णय गरियो । साथै नगरपालिकास्तरीय निर्णयवाट थप भएका अति आवश्यकीय योजनाहरुको सम्झौताको अवधि २०७७ असार १५ गते सम्म थप गरिएकोमा उक्त निर्णय समर्थन गरियो ।

निर्णय नं. ६

ईश्वरपुर नगरपालिकाको दोस्रो नगरसभावाट स्वीकृत भएका र गत आ.व. २०७५।०७६ मा सम्झौता भई सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको भुक्तानीकोलागि नगर कार्यपालिकाको वैठकवाट मिति २०७७।२।२५ गतेसम्मकोलागि म्याद तोकिएकोमा सशर्त अनुदान शिर्षक वाहेकका स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनकालागि नगर कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति एवं निर्माण व्यवसायी वीच सम्झौता भई आषाढ मसान्तसम्ममा सम्पन्न हुन नसक्ने योजनाहरु आगामी आ.व. २०७७/०७८ को मंसिर मसान्तसम्ममा उपभोक्ता समिति र निर्माण व्यवसायीले कार्य सम्पन्न गरिसक्नु पर्ने गरी म्याद थप गर्ने र ती कार्यक्रमका लागि चालु आ.ब. मा स्वीकृत बजेट आगामी आ.ब. २०७७।०७८ मा जिम्मेवारी सारी सोही बजेटबाट हाल योजना/कार्यक्रम कार्यान्वयन गरि रहेकै निर्माण व्यवसायी/फर्म एवं उपभोक्ता समितिहरुबाट २०७७ मंसिर मसान्त भित्र सम्पन्न गर्ने गराउने र सो को भुक्तानी दिने निर्णय गरियो ।

मनोज कुमार [illegible]
नगर प्रमुख

निर्णय नं. ७

ईश्वरपुर नगरपालिकाको तेस्रो नगरसभावाट स्वीकृत विनियोजन ऐन, २०७६ मा समावेश भएका योजनाहरु कार्यान्वयनकोलागि विभिन्न शिर्षकवाट उपलब्ध हुने बजेटको स्रोत उल्लेख भएकामा कोरोना भाइरस (KOVID-19) महामारीको कारणले वन्दावन्दी हुँदा प्रस्तावित आय तर्फ उल्लेख भएका मध्ये केही स्रोतहरुवाट बजेट कटौती हुने सम्भावना हुँदा शिर्षकगत बजेट कमीको कारणले सम्झौता भएका योजनाको भुक्तानीमा कठिनाई देखिने भएकोले संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान, राजस्व बाँडफाँट, सवारी साधन कर शिर्षकवाट सञ्चालन हुने योजनाका भुक्तानीकोलागि नपुग बजेट नगरपालिकाको आन्तरिक स्रोत तर्फवाट क्र.सं २१२ मा पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण तर्फ विनियोजित बजेटवाट भुक्तानी दिने व्यवस्था हुन निर्णय गरियो ।

निर्णय नं. ८

नगरकार्यपालिकाबाट स्वीकृत भै नगरप्रमुखद्धारा नगरसभामा प्रस्तुत ईश्वरपुर नगरपालिकाको आ.व. २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी सर्वसम्मतिले पारित गरियो । नीति दस्तावेजमा उल्लेख भएका नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाले आवश्यक व्यवस्था मिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

निर्णय नं. ९

आ.व. २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय राजस्व, कर, शुल्क, दस्तुर, जरिवाना लगाउने, संकलन गर्ने, छुट दिने र आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न नगर कार्यपालिकाबाट स्वीकृत भै ईश्वरपुर नगर सभामा पेश भएको आर्थिक विधेयक, २०७७ सर्वसम्मतिले पारित गरियो । पारित आर्थिक ऐन, २०७७ मा भएको व्यवस्था अनुसारका करका किसिम दस्तुर, शुल्क, दण्ड जरिवाना र राजस्व छुट लगायतका सम्पूर्ण व्यवस्थाहरु प्रभावकारी रुपमा नगर कार्यपालिकाले कार्यान्वयन गर्ने । स्वीकृत आर्थिक ऐनको प्रावधानका सम्बन्धमा वडामा सूचना टासी तथा प्रचार प्रसार गरी गराई नागरिकलाई जानकारी गराई आफ्नो वडा भित्र राजस्व संकलनको प्रबन्ध वडा कार्यालयले मिलाउने ।

निर्णय नं. १०

आ.व. २०७७/०७८ मा ईश्वरपुर नगरपालिका, वडा समितिहरु, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पुँजिगत खर्च, सामाजिक सुरक्षा सम्बन्धी खर्च र वित्तिय व्यवस्थाको रकम स्थानीय सञ्चित कोषबाट खर्च गर्न नगर कार्यपालिकाबाट स्वीकृत भै नगर सभामा पेश भएको विनियोजन विधेयक २०७७ सर्वसम्मतिबाट पारित गरियो । स्वीकृत विनियोजन ऐन २०७७ मा उल्लेख भएका कार्यक्रम तथा बजेटहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी गराई अपेक्षित उपलव्धी सुनिश्चित गर्न आवश्यक व्यवस्था नगर प्रमुखले मिलाउने । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत विषयगत कार्यकालागि प्राप्त रकम र कार्यक्रम यसै विनियोजन ऐन, २०७७ को अभिन्न भागको रूपमा रहने गरी हुबहु पास गरियो ।

निर्णय नं. ११

नेपाल सरकारको निर्णय, राष्ट्रबैक तथा महालेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम स्थानिय तहमा खोलिएका संचित कोष खाता, चालु खर्च खाता, पूजिगत खर्च खाता, धरौटी खाताका अतिरिक्त खोलिएका विशेष खाताहरु र आवश्यक खाताहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

चालु आ.व. २०७६/०७७ को श्रावण १ गते देखि हालसम्म भएका चालु, पूँजिगत, धरौटी फिर्ता, मर्मत सम्भार, सामाजिक सुरक्षा खर्च, आन्तरिक व्यवस्थापन तर्फको भुक्तानी तथा भए गरेका खर्चलाई अनुमोदन गरियो ।

ईश्वरपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २ नेपाल
२०७३

निर्णय नं. १३

चा.लु आ.व. २०७६/०७७ श्रावण १ गते देखि २०७७ आषाढ २० गते भित्र बिभिन्न मितिमा नगर कार्यपालिकाको बैठक, नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृतबाट भए गरेका निर्णय र कामकारवाही अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नगरपालिकाबाट सञ्चालन हुने क्षमता विकास तालिम लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन, विभिन्न बैठकहरु, सभा समारोह गर्दा अर्थ मन्त्रालय तथा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले स्वीकृत गरेको नर्म्सलाई आधारमानी हालसम्म भएको खर्च अनुमोदन गरियो ।

निर्णय नं. १५

आ.ब. २०७७/०७८ मा नगर क्षेत्रमा सञ्चालन गरिने विकास निर्माण कार्यहरूका लागि नगर दररेट नगर कार्यपालिकाले तयार गराई प्रभावकारी रूपमा लागु गर्ने गराउने ।

निर्णय नं. १६

आ.व. २०७७/०७८ मा उपभोक्ता समितिबाट सम्वन्धित वडा भित्र सञ्चालन गरिने वडास्तरीय बिकास निर्माण कार्यहरूको विवरण वडा समितिहरूले निर्णय गरी नगर कार्यपालिकामा लिखित रूपमा २०७७ भाद्र १५ गते भित्र बुझाई सक्नु पर्नेछ । उपभोक्ता समितिले सञ्चालन गर्ने कार्यक्रमहरूमा स्वीकृत बजेट सिमा भित्रको लागत अनुमानमा नियमानुसार लाग्ने आयकर, TDS र मूल्य अभिवृद्धी कर (VAT) कट्टि गरी हुन आउने लागतको कम्तिमा १० प्रतिशत उपभोक्ता समितिको नगद सहभागिता वा १५ प्रतिशत श्रम सहभागिता सुनिश्चित गर्ने गराउने निर्णय गरियो । संस्थागत विद्यालयको हकमा १० प्रतिशत नगद जनश्रमदानको सट्टा १० प्रतिशत श्रम सहभागिता राख्ने । योजनाको लाभग्राही दलित तथा अति विपन्न समुदाय भएको र उपभोक्ता समितिका सवै सदस्य कार्यक्रम सञ्चालन हुने स्थानमा वसोबास गर्ने विपन्न, सिमान्तकृत, दलित वा अपाङ्गता भएका व्यक्तिहरू भएमा वडा समितिको सिफारिसमा नगर प्रमुखको निर्णयले उपभोक्ता समितिबाट हुनु पर्ने नगद वा श्रम सहभागिता वापतको पुरै वा आंशिक लागत नगरपालिकाले सोही कार्यक्रमकालागि स्वीकृत बजेट सीमामा ननाघ्ने गरी नगरपालिकाले व्यहोरी कार्य सम्पन्न गराउने । साथै संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदानका विभिन्न कार्यक्रम संचालन गर्दा स्वीकृत बजेटको बढीमा ३ प्रतिशत रकम प्रशासकीय खर्च (कन्टीन्जेन्सी) वापत कट्टा गर्ने ।

निर्णय नं. १७

रू. ३,००,०००।- र सो भन्दा बढी नगर कार्यपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजना र सो आयोजना सञ्चालन गर्ने उपभोक्ता समिति / निर्माण व्यवसायीको सम्पूर्ण विवरण, आयोजनाको नाम, लागत, कार्य सम्पन्न गरिसक्नु पर्ने मिति खुल्ने गरि आयोजना स्थलमा नै अनिवार्य रुपमा होडिङ्गबोर्ड राख्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १८

ईश्वरपुर नगर क्षेत्र भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने वडास्तरीय आयोजन कार्यक्रमहरुको नियमानुसार सम्झौता, अनुगमन निरिक्षण सिफारिश लगायत आयोजनासंग सम्बन्धित काम गर्न गराउन वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । कार्यक्रम सम्बन्धी आर्थिक कारोबार गर्दा गराउदा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन, नियमावली र अन्य कानून अनुसार नै हुने गरी आवश्यक व्यवस्था नगर कार्यपालिकाले मिलाउने ।

निर्णय नं. १९

स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले योजनाको फरफारक कार्यपालिकाबाट हुनुपर्ने व्यवस्था भएअनुसार वडास्तरीय योजना र नगरस्तरीय योजनाको हकमा नगरकार्यपालिका वा नगरपालिकाबाट गठित समितिले स्थलगत अनुगमन, मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा आयोजनाको हिसाव किताब नगरपालिकाबाट फरफारक गर्ने निर्णय गरियो । साथै निर्णयसंग सम्बन्धित योजनाको भूक्तानीको लागि प्रमुख /उप-प्रमुखले अनुगमन गरि कार्य सम्पन्न अनुगमन प्रतिवेदन भएको अवस्थामा मात्र भूक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २०

नगर प्रमुख, उप-प्रमुख, नगर कार्यपालिकाको सदस्य तथा नगरसभाको सदस्यहरुलाई संसदीय प्रकृया र नगरपालिका सम्बन्धी अध्ययन अन्वेषण, अवलोकन र अनुभव आदान प्रदान गर्न गराउन नेपालको कुनै प्रदेश अन्तर्गतको कुनै निश्चित क्षेत्रमा प्रतिनिधि तथा प्रतिनिधि मण्डलको रुपमा भ्रमण गर्दा गराउदा नियमानुसारको भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१

यस नगरपालिकाको ना.१ भ्क १५७० टाटा सुमो गोल्ड जिप नयाँ प्रमुख प्रशासकीय प्रमुखलाई लिएर आउनेक्रममा दुर्घटना भई मर्मतको लागि Autorised Dealer सिप्रदी टेड्रिड, विरगंजमा पठाइएको हुँदा उक्त जिप वनेर नआउन्जेलसम्मकोलागि कार्यालय प्रयोजनकोलागि एउटा जीप भाडामा लिई कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई उपलब्ध गराईएको सवारी सुविधा, सञ्चार सुविधालाई निरन्तरता दिने निर्णय गरियो । वडा अध्यक्ष, कार्यपालिका सदस्य र नगरसभा सदस्यले पाउने सुविधाको सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति नियम निर्देशन विपरित नहुने गरी क्रमशः सेवा सुविधा व्यवस्थापन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २३

नगरसभा बैठक, नगरकार्यपालिका बैठक, वडा समिति बैठक, विषयगत क्षेत्र समितिको बैठक, विषयगत क्षेत्र कार्यालयको बैठकमा भाग लिने पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता, सञ्चार सुविधा, इन्धन सुविधा, तालिम अभिमुखिकरण गोष्ठिमा सहभागी भत्ता, सरसफाईमा खटिने कर्मचारीको सुविधा, खाना खाजाको सुविधा, राशन सुविधा, नगरसभामा खटिने कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धमा नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको खर्चको नर्मस पारित गरियो ।

निर्णय नं. २४

कर्मचारी कल्याण कोष, विपद व्यवस्थापन कोष, वातावरण तथा जलबायु परिर्वतन व्यवस्थापन कोष र आकस्मीक कोष खडा गरी सो कोषमा जम्मा गर्न विनियोजित रकम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

यस नगरपालिका भित्र वसोवास गर्ने जाती, जनजाति, धर्म, सामाजिक समुह र सम्प्रदायले मनाउने सांस्कृतिक रिती रिवाज, परम्परागत धार्मिक अनुष्ठान, उत्सव, मेला आदि कार्यहरुको संरक्षण, जगेर्ना एवं सम्वर्द्धनकालागि र गरिव, असहाय, विपन्न र प्राकृतिकजन्य विपदमा परेका तथा असाध्य रोग लागेका अशक्त व्यक्तिहरुलाई औषधि उपचार सहयोग तथा अन्य आर्थिक सहयोग गर्नु पर्दा अवस्था र क्षतीको प्रकृति हेरी नगर प्रमुखले रु. १०,०००।०० (दश हजार) सम्म आर्थिक सहयोग दिने ।

निर्णय नं. २६

स्वीकृत आर्थिक विधेयक २०७७ अनुसार लगाएको शुल्क दस्तुर वडा कार्यालयबाट संकलन गरी गराई सम्बन्धित खातामा तत्काल राजस्व दाखिला गराई सोको विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्ने गराउने जिम्मेवारी वडा अध्यक्षलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. २७

नगरकार्यपालिकाले आफ्नो नगर प्रहरी नियुक्ति नगरुन्जेलसम्म नगरसभा सञ्चालन भएका अवधिकालागि तथा कुनै विशेष कार्य (ठेक्का व्यवस्थापन, कार्यालयको सुरक्षा आदि) मा मर्यादा पालकका रुपमा सादा पोशाकमा खटिने बढिमा आठ जनासम्म मर्यादापालक (प्रहरी) इन्सपेक्टार वा सो सरहलाई दैनिक रू १०००।- र इन्सपेक्टर भन्दा तल्लो तहकालाई रु ५००।- खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

कार्यपालिका
ईश्वरपुर, सलाह
प्रदेश नं. २
२०७३

निर्णय नं. २८

हरेक महिनाको १ दिन १ वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत वडा कार्यालयमा बसी नगरबासीका गुनासोहरु सुन्ने र सोको समाधान गर्न आवश्यक व्यवस्था नगरपालिकाले मिलाउने निर्णय गरियो ।

निर्णय नं. २९

नगर प्रमुख, नगर उप प्रमुख वा सम्बन्धित वडाका वडा अध्यक्षहरुको नेतृत्वमा बजार अनुगमन गरिनेछ । बजार अनुगमनको क्रममा अखाद्य रंग प्रयोग गरी खाद्य सामग्री तयार गरी बेचबिखन गर्ने तथा म्याद गुज्रेका खाद्य समाग्री बेचबिखन गर्ने र न्युन गुणस्तरको खाद्य सामाग्री बेचबिखन गरेको पाईएमा जफत गरी नष्ट गरिनेछ । साथै त्यस्ता व्यापारी र व्यवसायीलाई कडा भन्दा कडा कानूनी कारवाही समेत गर्ने निर्णय गरियो । साथै कृत्रिम अभाव सिर्जना गराउने, कालो बजारी गर्ने र नगरपालिकाको अनुमती विना सञ्चालनमा रहेका व्यवसायहरूलाई आवश्यक कानूनी कारवाही गरी नियमन गरिनेछ ।

निर्णय नं. ३०

नगरक्षेत्र भित्र हुने विपद, माहामारी साथै संकटलाई व्यवस्थापन गर्न नगरस्तरीय विपद व्यवस्थापन समिति / वडा स्तरिय विपद व्यवस्थापन समिति कार्यपालिकाले गठन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ३१

महिलाले आफ्नो नाममा नगरपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्ने उद्योगमा ३५ प्रतिशत र अन्य व्यापार व्यवसायहरुको दर्तामा १५ प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. ३२

बैंक खाता नभएका वडाहरूका ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका तथा हिडडुल गर्न नसक्ने जुनसुकै उमेर समुहका लाभग्राहीहरुलाई बैक सुबिधा नभएसम्म घरघरमै जनप्रतिनिधिहरुको रोहबरमा बैक मार्फत घरदैलो मै सामाजिक सुरक्षा भत्ता पुर्‍याउनका लागि बैंकसँग नगरपालिकाले सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

नेपालको संविधान २०७२ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी ईश्वरपुर नगरपालिकाले आवश्यकताको आधारमा राष्ट्रिय र अर्न्तराष्ट्रिय, नगरहरुसंग कार्यपालिकाको निर्णय गरी भगीनी सम्बन्ध कायम गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

नगरपालिका क्षेत्रमा कम्तिमा एक सुविधा सम्पन्न अस्पताल निर्माण गर्न, एक थान एम्बुलेन्स र एक वारूण यन्त्र उपलब्ध गराई दिन संघिय सरकार तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

नगरपालिका भित्रका सार्वजनिक जग्गा तथा सम्पतिको अभिलेख व्यवस्थापन गर्न कार्यपालिकाले आवश्यक व्यवस्था मिलाउने । सार्वजनिक जग्गा प्रचलित ऐन कानून अनुसार सार्वजनिक प्रयोजनका लागि नगरपालिकाले प्रयोग गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्था मिलाउने । सार्वजनिक जग्गामा कुनैपनि प्रकारको अतिक्रमण गर्न संरचना निर्माण गर्नका निमित्त रोक लगाउने निर्णय गरियो ।

निर्णय नं. ३६

नगर क्षेत्र भित्र नगरका संरचना निर्माणका लागि सार्वजनिक जग्गा नगरपालिकालाई उपलब्ध गराउन कार्यपालिकाले जग्गा रहेको स्थान र क्षेत्रफल तथा प्रयोगको उद्देश्य समेत उल्लेख गरी नेपाल सरकारसँग माग गर्ने प्रक्रिया तत्काल अगाडि बढाउने ।

मनोज कुमार ढकाल
नगर प्रमुख

निर्णय नं.३७

कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भण्डार (Cold Store) निर्माण गर्न स्थानीय र जिल्ला उद्योग वाणिज्य संघसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८

स्वीकृत विनियोजन विधेयकमा रहेको योजना तथा कार्यक्रमलाई श्रोतगत तथा बजेट उपशिर्षक अनुसार मिलाउने जिम्मा कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. ३९

यस नगरक्षेत्र भित्र काम गर्न इच्छुक NGOs , INGOs नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र आफ्नो योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ४०

यस नगरपालिका क्षेत्र भित्र रहेका खोलाहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी विक्रि गर्ने प्रयोजनकोलागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७६ वमोजिम अनिवार्यरुमा संक्षिप्त प्रारम्भिक वातावरणिय परिक्षण (IEE) वा वातावरणिय प्रभाव मुल्याङ्कन (EIA) गर्नु पर्ने भएअनुसार बाँकेखोलाको प्रारम्भिक वातावरणीय परिक्षणको लागि तयार गरिएको कार्यक्षेत्र र कार्यसूचि (SD/ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१

यस नगरपालिका क्षेत्र भित्र रहेका खोलाहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी विक्रि गर्ने प्रयोजनकोलागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७६ वमोजिम प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयारी तथा स्वीकृत सम्वन्धी कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो

निर्णय नं. ४२

आ.व. २०७७/०७८ का लागि स्वीकृत ठुला पुर्वाधार विकासका योजना तथा कार्यक्रम एवं सडक कालोपत्रे गर्ने योजनाहरुको कार्यान्वयन ठेक्का प्रकृयावाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ४३

विषयक्षेत्रगत शिक्षा, स्वास्थ्य, आयुर्वेद, पशुतर्फका विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुमा विनियोजित रकम बमोजिमको कार्यक्रम विषय क्षेत्रगत समितिको सिफारिसमा नगरकार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४

आवश्यकता, औचित्य, विद्यार्थी संख्या र सम्भाव्यता आधारमा शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पहल कदमी कार्यपालिकाले लिने निर्णय गरियो ।

निर्णय नं.४५

यस निर्णयमा उल्लेख भए बाहेकका कामकार्वाही गर्न अतिआवश्यक भएमा सोको कारण खोली नगर कार्यपालिकाले निर्णय गरी कार्य गर्ने गराउने र सोको समर्थनको लागि आगामी सभामा पेश गर्ने ।

मनोज कुमार [illegible]
नगर प्रमुख



निर्णय नं. ४६

नगर कार्यपालिका, नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट हालसम्म भए गरेका निर्णय तथा कार्यहरूका सम्बन्धमा सभालाई जानकारी भयो । तेस्रो नगरसभाको निर्णय, नगर कार्यपालिकाको निर्णय र अन्य प्रचलित ऐन कानून, नीति नियम र कार्यविधि अनुसार स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगर कार्यपालिका, नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट हालसम्म भए गरेका निर्णय तथा कार्यहरू समर्थन गरियो ।

निर्णय नं. ४७

नगरपालिकाको कार्य प्रभावकारी बढाउनको लागि नगर प्रमुखले उत्कृष्ठ कार्य गर्ने निर्वाचित जनप्रतिनिधी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, समाजसेवीलाई तिनबाट भए गरेको उल्लेख्य योगदानको अभिलेख राखी जनही बढीमा रू २५,०००।- सम्म पुरस्कार उपलब्ध गराउने ।

निर्णय नं. ४८

नगरको सामाजिक आर्थिक सांस्कृतिक क्षेत्र लगायतका सबै क्षेत्रको दिगो र द्रुत विकासकालागि नेपाल सरकार र प्रदेश सरकारको स्वीकृत नीति भित्र रही अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्था, सामुदायिक संस्था र अन्य निकायसँग नगर कार्यपालिकाले निर्णय गरी नगर प्रमुखले संझौता गरी सहकार्य गर्ने । यस्तो सहकार्यको विवरण आगामी नगरसभामा पेश गर्ने ।

निर्णय नं. ४९.

नगर कार्यपलिकाको तथा नगरप्रमुखको निर्णयानुसार सेभ द चिल्ड्रेन लगायतका गैर सरकारी संस्थासंग भए गरेका सम्झौताका विषयमा छलफल गरी हालसम्मका सम्झौता अनुमोदन गरियो । साथै सेभ द चिल्ड्रेन संस्थाले सन २०२० को डिसेम्बर महिनासम्म यस नगरपालिका क्षेत्रमा कार्यक्रम संचालनकोलागि पेश गरेको रु. १,१२,६०,०६१।- को प्रस्तावित कार्यक्रम सञ्चालनकोलागि अनुमती दिने ।

निर्णय नं. ५०

उपभोक्ता हित संरक्षण गर्नकालागि कार्यपालिकाले कार्यबिधि बनाई लागु गर्ने गराउने ।

निर्णय नं. ५१

ईश्वरपुर नगरपालिकाको भवन निर्माण र सडक सम्बन्धि मापदण्ड तथा कार्यविधि- २०७५ को २.१.१. अनुसार नगर क्षेत्र भित्रका सम्पुर्ण सडक बाटोको चौडाईहरूको सूची राष्ट्रिय र प्रादेशिक मापदण्ड तथा स्थानीय आवश्यकता अनुसार भविष्यमा Smart City बन्न प्रतिकुल नहुने गरी प्राविधिक तथा विशेषज्ञबाट अविलम्ब नगर प्रमुखले तयार गरी गराई लागु गर्ने । यस्तो सूची कार्यपालिकाले अनुमोदन गरी स्वीकृतिका लागि आगामी सभामा पेश गर्ने ।

निर्णय नं. ५२

नगरपालिका भित्रका सबै वडा समितिले आफ्नो वडा भित्र राष्ट्रिय, प्रादेशिक, जिल्लास्तरीय र नगरस्तरीय सडक बाटोहरूसंग जोडिएका जग्गा, गल्लीसंग सटेका जग्गा, आलि बाटो भएका जग्गा र बाटो नै नभएका जग्गा प्रति कट्ठा वा विगाको न्यूनतम मूल्य कायम गरी २०७७ भाद्र मसान्तभित्र नगर कार्यपालिका बैठकमा वडा अध्यक्ष मार्फत पेश गर्ने । कार्यपालिकाले निर्णय गरी सो न्यूनतम मूल्य सम्पत्ति कर प्रयोजन तथा अन्य प्रयोजनका लागि लागु गर्ने ।

निर्णय नं. ५३

यस नगरपालिकाको क्षेत्राधिकारका विषयमा नगरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाउने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो । साथै नगरपालिका क्षेत्रमा सुशासन अभिवृद्धी गर्नका लागि आवश्यक निर्देशिका तथा कार्यविधि आगामी आर्थिक वर्ष भित्र तयार गरी कार्यपालिकाले लागु गर्ने ।

ईश्वरपुर नगरपालिकाको
ईश्वरपुर, सलाही
प्रदेश नं. २ नेपाल
२०७३

निर्णय नं. ५४

महिला स्वंय सेविकाहरुलाई खाईपाई आएको मासिक प्रोत्साहन भत्तामा आ.व. २०७६/०७७ देखि प्रति महिना रु. १,०००।- दरले उपलब्ध गराउदै आएकोमा उक्त प्रोत्साहन भत्तालाई आगामी आ.व. २०७७/०७८ मा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ५५

महालेखा परीक्षकको विभागवाट ईश्वरपुर नगरपालिकावाट आ.व. २०७५/०७६ को वार्षिक आय व्यय कारोवारको लेखापरीक्षण गरी पेश भएको प्रतिवेदनमा औल्याइएका पेश्की तथा बेरुजू फछ्यौंटकालागि तदारुकताकासाथ कार्वाही अगाडि वढाउने र प्रतिवेदनमा समावेश भएका अन्य सैद्धान्तिक विषयहरुलाई मनन गरी कार्यप्रणालीमा सुधार ल्याउने निर्णय गरियो । साथै यस नगरपालिकामा गाभिएका तत्कालिन गाविस कायम रहेको अवधिमा वाँकी रहेको पेश्की असुल उपर र वेरूजु फछ्यौंटकालागि आवश्यक कार्वाहीको प्रकृया अगाडि वढाउने ।

निर्णय नं. ५६

नेपालको संविधान २०७२ को अनुसूचि ८ मा स्थानीय तहले सम्पादन गर्ने अधिकारको सूचिको क्र.सं. १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क (१) मा नगर प्रहरी गठन तथा व्यवस्थापन गर्नु पर्ने व्यवस्था भएअनुसार यस ईश्वरपुर नगरपालिकाकोलागि आवश्यक संख्यामा नगर प्रहरी राख्ने । यस सम्वन्धी संख्यात्मक लगायत अन्य आवश्यक मापदण्डहरु कार्यपालिकावाट स्वीकृत गरी कार्यान्वयन गरिने ।

निर्णय नं. ५७

युवाहरुलाई व्यवसाय संचालन सम्वन्धी सीप, ज्ञान, क्षमता अभिवृद्धि प्रदान गरी स्वदेश मै स्वरोजगार वन्न उत्पेरणा दिने लक्ष्यकासाथ यस ईश्वरपुर नगरपालिकाका भित्रका विपन्न युवाहरुलाई व्यवसाय सञ्चालन सीप, ज्ञान र क्षमता अभिवृद्धिका तालिमहरु प्रदान गरी प्रविधि सहयोग र विउँपुजी घुम्तीकोष सहयोग कार्यक्रम आ.व. २०७७/०७८ वाट संचालन गर्ने । यसकालागि आवश्यक कार्यविधि र मापदण्ड नगर कार्यपालिकाको बैठकवाट स्वीकृत गराई उद्योग वाणिज्य संघको समन्वयमा संचालनकोलागि व्यवस्था मिलाउने ।

निर्णय नं.५८

ईश्वरपुर नगरपालिकाको नगरसभावाट पारित विनियोजन ऐन, २०७७ मा समावेश भएका आ.व. २०७७/०७८ मा संचालन हुने योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत कार्यान्वयनकालागि वार्षिक कार्ययोजना र वार्षिक खरिद योजना वनाई २०७८ वैशाख मसान्तभित्र सम्झौता गरि कार्यान्वयन गर्ने ।

निर्णय नं.५९

ईश्वरपुर नगरपालिकाको नगरसभावाट स्वीकृत विनियोजन ऐन, २०७७ मा समावेश भएका बजेटवाट मसलन्द तथा कार्यालय सामान, फर्निचर फिक्चर खरिद, सूचना प्रकाशन, अन्य छपाई, मेशीनरी औजार अन्तर्गतका कम्प्यूटर, प्रिन्टर आदि खरिद एवं सशर्त अनुदान तर्फ विनियोजित बजेटवाट आवश्यक औषधिजन्य लगायतका सामाग्री, उपकरण आदि खरिदकोलागि खरिद इकाई समिति गठन गरी सप्लायर्सको सूचि तयार गर्ने, दररेट माग गर्ने, आवश्यकता पहिचान गर्ने लगायतका कार्यहरु खरिद इकाई समिति मार्फत एकद्वार प्रणाली अवलम्वन गरी कार्यान्वनयन गर्ने ।

निर्णय नं. ६०

ठेक्का प्रक्रियावाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरूको कामको प्रकृति वा डिजाईनमा सामान्य हेरफेर गर्दा कुल लागतको १५ प्रतिशत सम्मको भेरिएसन नगरप्रमुखले निर्णय गरी गर्ने गराउने ।

मनोज कुमार देवकोटा
नगर प्रमुख



निर्णय नं. ६१

यस नगरपालिकामा चुरे क्षेत्र पनि रहेको, सो क्षेत्रमा जलवायु परिवर्तनको प्रतिकुल असरका कारण तल्लो तटिय क्षेत्र समेत बाढी, पहिरो, डुवान, भूक्षय लगायतका विभिन्न विपद जोखिम युक्त भएको हुँदा विपद जोखिम न्यूनीकरणकालागि नेपाल सरकारको स्वीकृत नीति भित्र रही अन्तराष्ट्रिय मञ्च तथा सँस्थासँग सहकार्यकालागि नगर प्रमुखले आवश्यक पहल गर्ने ।

निर्णय नं. ६२

ईश्वरपुर नगरपालिकाको उत्तरी सिमा चुरे क्षेत्रसम्म फैलिएको र चुरे क्षेत्रमा जलाधार भएको बाँके खोला यस नगरपालिकाको पुर्वी सिमा नदी भएको र फुलजोर खोला एवं झिमखोला पश्चिम तर्फको सीमा नदी भएता पनि राष्ट्रपति चुरे तराई मधेश कार्यक्रमले यस नगरपालिकालाई नसमेटिएको हुँदा उक्त राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम ईश्वरपुर नगरपालिकामा सञ्चालनकोलागि व्यवस्था हुन सिफारिस गर्ने ।

निर्णय नं. ६३

यस ईश्वरपुर नगरपालका वडा नं. १२ स्थित पुर्व-पश्चिम लोकमार्गको बाँके चोक देखि कालिन्जोर हुँदै प्रदेश नं. ३ को सिन्धुली जिल्लाको सदरमुकाम बजार जोडने पुरानो वाटोलाई स्तरोन्नती गरी सार्वजनिक सवारी सञ्चालन गर्ने उद्देश्यले आ.व. २०७५/०७६ देखि क्रमश बजेट विनियोजन गर्दै आएकोमा आगामी आ.व. २०७७।०७८ मा समेत रु. १ करोड ९० बजेट विनियोजन गरिएकोमा उक्त बजेटले बाँके चोकदेखि कालिन्जोरसम्म मात्र सडक स्तरोन्नती हुने भएकोले कालिन्जोर देखि सिन्धुली खण्डको सडक स्तरोन्नतीकालागि विशेष अनुदान शिर्षकमा रु. ५ करोड बजेट यस नगरपालिकालाई उपलब्ध गराइ दिनु हुन नेपाल सरकार अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै रामनगर-पोखरीटोल सकडकलाई समपुरक योजनामा समावेश गर्न केन्द्रमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४

यस ईश्वरपुर नगरपालिका सहित सर्लाही जिल्लाको पुर्वी सिमानाको सिमाङ्कन नेपाल सरकार, भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, नापी विभाग/भू-सूचना तथा अभिलेख विभाग र राज्य पुर्नसंरचना आयोगवाट बाँकेखोलालाई सिमाङ्कन कायम राखी नक्शांकन गरिएको भएतापनि बाँकेखोला भन्दा पश्चिम तर्फका ईश्वरपुर नगरपालिका क्षेत्र अर्न्तगतका भू-भागहरुमा पर्ने जग्गाहरुको लगत हालसम्म अद्यावधिक नभई जिल्ला मालपोत कार्यालय/नापी कार्यालय, महोत्तरीमा रहेको श्रेताहरुमा महोत्तरी जिल्लाको साविक बहादुरगंज गाविसको नाममा कायम रही आएकाले उक्त बाँकेखोलालाई सिमाङ्कन कायम गरी बाँकेखोला भन्दा पश्चिम तर्फका भू-भागहरु स्थलगतरुपमा सर्वे नापी गरी सर्लाही जिल्ला अर्न्तगतको ईश्वरपुर नगरपालिका क्षेत्रभित्र रहने गरी श्रेस्ता र नक्शा कायम गरि दिनु हुन नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय एवं सो मन्त्रालय अन्तर्गतका नापी विभाग/भू-सूचना तथा अभिलेख विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५

यस नगरपालिकाको साँध सिमानामा रहेका नदी नियन्त्रण, सडक, पुल-पुलेसा, कल्भर्टहरु मर्मत तथा निर्माण गर्न सम्वन्धित स्थानीय तहहरुवाट संयुक्त बजेट विनियोजन गरी नदी नियन्त्रण, सडक, पुल-पुलेसा, कल्भर्टहरु मर्मत तथा निर्माण गर्ने । ठुलो नदी नियन्त्रण, सडक, पुल- पुलेसा, कल्भर्टहरु मर्मत तथा निर्माण गर्न आवश्यक बजेट व्यवस्थाकोलागि संघ र प्रदेश सरकार समक्ष समन्वय र अनुरोध गर्ने ।

निर्णय नं. ६६

वडास्तरीय योजना तथा कार्यक्रमको कार्यसम्पन्न पश्चात अन्तिम भुक्तानीकालागि वडास्तरीय सिफारिसको आधारमा नगरस्तरीय अनुगमन गरी भुक्तानी दिने । यसैगरी नगरस्तरीय योजना तथा कार्यक्रमको उक्त योजना/कार्यक्रम सम्पन्न भएपश्चात नगरस्तरीय अनुगमन समितिवाट अनुगमनको सिफारिस भई आएपछि अन्तिम भुक्तानी दिने । रु. ५० हजार भन्दा माथि रु. १ लाख सम्म लागतका योजना तथा कार्यक्रमको भुक्तानीकोलागि उपभोक्ता समितिको निर्णय र वडा कार्यालयको सिफारिसमा बैक

धरपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय धरपुर, सलाही प्रदेश नं. २ नेपाल २०७३

खाता नखोली सोझै भुक्तानी दिने । साथै रु. ५० हजार सम्मका स्वीकृत योजनाको हकमा कार्यसम्पन्न गरी वडा समितिको निर्णय र प्राविधिकवाट कार्यसम्पन्न प्रतिवेदन र मूल्यांकनको आधारमा सम्वन्धित उपभोक्तालाई सोझै भुक्तानी दिने व्यवस्था मिलाउने ।

निर्णय नं. ६७

संघीय सरकारवाट विषयगत क्षेत्र (शिक्षा, स्वास्थ्य, कृषि, पशु, उर्जा, महिला लगायत) तर्फका योजना/कार्यक्रम संचालनकालागि बजेट अख्तियारीसाथ संलग्न राखी पेश भएका योजना/कार्यक्रमहरु उल्लेखित अनुसार नै सञ्चालन गर्ने ।

निर्णय नं. ६८

यस नगरपालिकाको क्षेत्र भित्र व्यवसायिक रुपमा माछा पालन गर्न कृषकहरुवाट नयाँ पोखरी खन्नु पुर्व वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको प्रावधिक प्रतिवेदन र अनुमती लिएर मात्र पोखरी खन्ने व्यवस्था लागु गर्ने । पोखरी खन्न दिइने अनुमती सम्वन्धी कार्यविधि नगरकार्यपालिकावाट स्वीकृत गरिने ।

निर्णय नं. ६९

सार्वजनिक उपयोगका पुर्वाधारहरु मर्मत तथा निर्माणकालागि उपभोक्ताहरुवाट ५० प्रतिशत लागत साझेदारीमा निर्माणकालागि प्रस्ताव पेश भएमा त्यस्ता योजना संञ्चालनकालागि नगरपालिकाले उच्च प्राथमिकता राखी बजेट विनियोजनको व्यवस्था मिलाउने

निर्णय नं. ७०

गरिव, असहाय, विपन्न तथा प्राकृतिकजन्य विपदमा परेका तथा अशक्त व्यक्तिहरुलाई औषधि उपचार सहयोग तथा अन्य आर्थिक सहयोग गर्नु पर्दा अवस्था र क्षतीको प्रकृति हेरी नगर प्रमुखले आर्थिक सहयोग दिने ।

निर्णय नं. ७१

नेपाल सरकारबाट प्राप्त हूने बन रोयल्टी बापतको रकम नं पा लाई उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने र बन उपभोक्ता समितीलाई करको दायरामा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ७२

यस न.पा.ले कृषि पेशालाई प्रमुख प्राथमिकता दिई कृषि सम्बन्धी कार्यनीति अनुसार काम गर्ने निर्णय गरियो ।

निर्णय नं ७३

न.पा. भित्र रहेका स्वास्थ्य संस्थामा अ.हे.व. ,अ.न.मी. तथा स्वीपर भर्नाका लागि नगरको आवश्यक्ता, दरबन्दी तथा बजेटको श्रोत व्यवस्था गरी पदपूर्ति गर्नको लागि कार्यापालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७४

दैनिक भ्रमण भता नियमाबली २०६४ अनुरुप १५ कि.मी भित्र दैनिक भ्रमण भत्ता नपाउने व्यवस्था भएकाले अनुगमन गर्ने कार्यको लागि अधिकृतस्तरको कर्मचारी तथा पदाधिकारीका लागि रु. १,०००/-, सहायकस्तरको कर्मचारीलाई रु. ८००/- र कार्यालय सहयोगीको लागि रु. ५००/- अनुगमन गरेको दिनको लागि अनुगमन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७५

देहायका ऐन, कानून, नियम, निर्देशिकाहरु र कार्यविधि पारित गर्ने निर्णय गरियो ।

१. ईश्वरपुर नगरपालिका क्षेत्र भित्र व्यक्तिगत जग्गा तथा सार्वजनिक जग्गाहरुमा पोखरी खन्ने, रुख विरुवा लगाउने, व्यवसाय, उद्योग कलकारखाना खोल्नकोलागि घर, पर्खाल, सन्धी, सिमाना, वाटो घाटोको दुरी कायम सम्वन्धी मापदण्ड कार्यविधि २०७७

२. भवन निर्माण मापदण्ड २०७७

निर्णय नं. ७६

रोजगारी सिर्जना सम्वन्धी कामको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो । साथै आगामी आ.व. २०७७।०७८ को लागि नगरस्तरीय र वडातहमा सञ्चालन हुने निम्न कार्यक्रमहरु स्वीकृत गरी सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७७

नगरपालिकामा प्राप्त हुने अन्य श्रोत बा कुनै योजना सञ्चालन नआएमा उक्त रकम न.पा. बोर्डले बिनियोजन गरी खर्च गर्न सक्ने निर्णय गरियो । विगतका कार्यान्वयनमा आउने खालका योजनाहरुले आगामी आ.व.मा पनि निरन्तरता दिने र न.पा. बोर्डले गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दरबन्दी तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७९

करार तथा ज्यालादारी कर्मचारीहरुलाई महंगी भत्ता, पोशाक खर्च, चाडवाड खर्च दिने र अपुग भएका प्राविधिक लगायतका सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं. ८०

व्यवसाय कर लगायत घरबहाल कर तथा अन्य कर शुल्क, भूमिकर उठाउन सम्बन्धित वडाले पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ८१

बयलवास बजार लगायत नगरका अन्य बजारहरु व्यवस्थापन तथा निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८२

सार्वजनिक जग्गा, मठ, मन्दिर तथा अन्य सरकारी, गैर सरकारी सहयोगमा लगाएका फलफुल बगैंचा, पोखरी, बाँधको अभिलेख राख्ने र नगरको आम्दानीको श्रोतका रुपमा उपयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८३

ईश्वरपुर नगरपालिकाको नयाँ कार्यालय भवन निर्माण अन्तिम चरणमा रहेकोले नयाँ कार्यालय भवनमा फर्निचर, सोफा, कार्पेटिङ्ग आदि कार्य छिटो सक्ने निर्णय गरियो ।

निर्णय नं. ८४

नगरपालिका क्षेत्र भित्र अव्यवस्थित बसोवासको लगत (रेकर्ड) लिने कार्यलाई वडा समितिलाई परिचालन गरी संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८५

कामकाज गरिरहेको ज्यालादारी, करारको कर्मचारीहरुको ०७७ पौष मसान्तसम्म म्याद थप गर्ने र कार्य सन्तोषजनक भएमा क्रमशः तीन-तीन महिनाको म्याद थप गर्दै २०७७ असाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८६

विभिन्न वडाहरु तथा निकायहरु एवं नगरपालिकाका समेतबाट छनोट भएका योजनाहरु न.पा.को श्रोतले सम्पन्न गर्न नसकिने योजनाहरुलाई सम्बन्धित निकायमा योजना संचालनका लागि लेखिपठाउने निर्णय गरियो ।

निर्णय नं. ८७

सार्वजनिक जग्गा मिचेर बनेका संरचनाहरु हटाउने कार्यलाई कडाइका साथ लागू गरी सार्वजनिक जग्गाको लगत संकलन गरी व्यवस्थित गराउने निर्णय गरियो ।

निर्णय नं. ८८

उजुरी तथा प्रतिवाद दर्ता गर्दा प्रचलित कानून बमोजिम बिवाद दर्ता दस्तुर तोकिएको भए सोही बमोजिम र नतोकिएको भए रु. १००/- लिने निर्णय गरियो ।

निर्णय नं. ८९

आ.व. ०७७/७८ मा वडा नं. १ देखि वडा नं. १५ सम्मका सडक मर्मत सुधार प्राथमिकताका आधारमात्र गर्ने निर्णय गरियो ।

निर्णय नं. ९०

ईश्वरपुर नगरपालिकाका लेखा अधिकृत कार्यालयको कामका सिलसिलमा मिति २०७७।१२।२६ गतेका दिन कार्यालय आउदै गर्दा मोटरसाइकल दुर्घटनामा पर्नु भएकोमा निजको उपचार खर्च वापत विलवमोजिमको रकम निजलाई उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. ९१

आ.व. ०७७/७८ मा वडा नं. १ देखि वडा नं. १५ सम्मका सडक मर्मत सुधार गर्न प्राथमिकताका आधारमा मर्मत सुधार गर्ने निर्णय गरियो ।

निर्णय नं. ९२

ईश्वरपुर नगरपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको आ.व. २०७६।०७७ को तलवी प्रतिवेदन अनुमोदन गरियो साथै आगामी आ.व. २०७७।०७८ को लागि प्रस्तावित तलवी प्रतिवेदन स्वीकृत गरियो ।

निर्णय नं. ९३

वडा नं. ९ का वडा अध्यक्षले प्रयोग गर्दै आउनु भएको मोटरसाइलक चोरी भई विमावाट रु. १,८५,०००।- प्राप्त भएकोमा उक्त रकममा थप रु. २५,०००।- थप गरी मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ९४

नगरपालिकाले संचालन गर्ने गराउने कार्यक्रमहरूमा सहभागी, प्रशिक्षक, सहजकर्ता संयोजक, अनुगमनकर्ता, पत्रकार आदिलाई उपलब्ध गराउने खाजा, खाना, सहभागी भत्ता, यातायत खर्च, खरिद इकाईको बैठक भत्ता, ईन्धन सुविधा, संचार खर्च, प्राविधिक कर्मचारीलाई स्थानीय फिल्ड भत्ता, अतिरिक्त समय काम गरेको भत्ता आदिको नम्स नगर कार्यपालिकाले तयार गरी कार्यान्वयन गर्ने गराउने ।

निर्णय नं. ९५

नगर कार्यपालिकामा कार्यरत ड्राईभर र पाले जुनसुकै समयमा पनि काममा खटिनु पर्ने तथ्यलाई विचार गरी निजहरूलाई मासिक रूपमा रू ३,०००।- खाजा खाना खर्च उपलब्ध गराउने । ७ दिन भन्दाबढी विदामा बस्नेलाई विदामा बसेको दिन कटाएरमात्र यस्तो खर्च उपलब्ध गराउने

निर्णय नं. ९६

प्रदेश सरकारबाट स्वीकृत स्थानीय तहका पदाधिकारीहरुलाई उपलब्ध गराउने पारिश्रमिक सुविधा सम्बन्धी कार्यविधि बमोजिम यस ईश्वरपुर नगरपालिकाका पदाधिकारीहरुलाई २०७६ श्रावण देखि २०७६ असोज महिनासम्म उपलब्ध गराइएको पारिश्रमिक सुविधा बापतको खर्च अनुमोदन गरियो । साथै प्रदेश सरकारबाटस्थानीय तहका पदाधिकारीहरुलाई पारिश्रमिक सुविधा उपलब्ध गराउने सम्बन्धी नयाँ कार्यविधि स्वीकृत भई आएमा सोही कार्यविधिमा उल्लेख भएबमोजिम पारिश्रमिक तथा सुविधा ईश्वरपुर नगरपालिकाका पदाधिकारीहरुलाई २०७६ साल कार्तिक देखि नै उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. ९७

नगर कार्यपालिकामा कार्यरत ड्राईभर र पाले जुनसुकै समयमा पनि काममा खटिनु पर्ने तथ्यलाई विचार गरी निजहरूलाई मासिक रूपमा रू ३,०००।- खाजा खाना खर्च उपलब्ध गराउने । ७ दिन भन्दाबढी विदामा बस्नेलाई विदामा बसेको दिन कटाएरमात्र यस्तो खर्च उपलब्ध गराउने

निर्णय नं. ९८

कोभिड-१९ कोरोना भाईरसको संक्रमण नियन्त्रण तथा व्यवस्थापनकोलागि आ.व. २०७६।०७७ स्वास्थ्य संयोजकलाई दिइएको पेश्की आगामी आ.व.मा फछ्यौट गरी बाँकी रकम भुक्तानी हुने व्यवस्थापन हुन निर्णय गरियो ।

निर्णय नं. ९९

ईश्वरपुर नगरपालिका अन्तर्गतका विभिन्न बजारहरुबाट चालु आ.व. २०७६।०७७ मा कर, सेवा शुल्क संकलन गर्ने कार्यकोलागि ठेक्का व्यवस्थापन भएकोमा कोभिड -१९ (कारोना भाइरस) को विश्वव्यापी महामारीबाट नेपाल पनि प्रभावित भएको कारणले नेपाल सरकारबाट २०७६ चैत्र १२ गते देखि लागू हुने गरी २०७७ जेठ ३२ गतेसम्म Lack down (बन्दाबन्दी) घोषणा भएबाट उक्त अवधिमा उद्योग, व्यवसाय, बजार, यातायात सेवा बन्द भएबाट ठेकदारले कर, सेवा शुल्क संकलन गर्न नपाएकोले सो अवधिको दामासाहीले हुने ठेक्का बापतको रकम मिन्हा पाउँ भनी ठेकदारहरुबाट पेश भएको निवेदन उपर नगरसभाको बैठकमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित ऐन, नियममा कुनै कारणले उद्योग, व्यवसाय, बजार, यातायात सेवा बन्द भएको अवस्थामा राजस्व छुट अथवा मिन्हा दिने प्रावधान कतै व्यवस्था नभएकोले उक्त अवधिको राजस्व छुट वा मिन्हा दिन नमिल्ने व्यहोरा ठेकदारहरुलाई जानकारी गराउने निर्णय गरियो । साथै Lack down (बन्दाबन्दी) को घोषणा संघीय सरकारबाट भएकोले यस सम्बन्धमा संघीय सरकारबाट राजस्व छुट वा मिन्हा सम्बन्धी कुनै निर्णय र परिपत्रको व्यवस्था भएमा सोही अनुसारको व्यवस्था स्थानीय सरकार तर्फबाट गरिने निर्णय गरियो ।

निर्णय नं. १००

माथि उल्लेखित विषय बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम नगरप्रमुखले निर्णय गरी गर्ने गराउने । यसरी भए गरेको निर्णय आगामी नगरसभामा स्वीकृतिका लागि पेश गर्ने ।

मनोजकुमार ढकाल
नगर प्रमुख

७. **सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (७) बमोजिम वार्षिक सवारी साधन कर लगाइने र पटके सवारी करको हकमा समेत सोही अनुसूचि बमोजिम असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **पटके सवारी कर :** (१) नगरपालिका आफैले बनाएको वा कुनै निकायबाट नगरपालिकालाई हस्तान्तरण भै आएको सडकबाट गुडने सवारी साधनमा अनुसूची (८) बमोजिम पटके सवारी कर/सडक पुर्वाधार मर्मत संभार शुल्क लगाइने र असुलउपर गरिने छ ।

९. **विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (९) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ तर, प्रदेश कानून स्वीकृत भई अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (१०) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. **सेवा शुल्क, दस्तुर :** नगरपालिका आफैले निर्माण सञ्चालन वा व्यवस्थापन गरेको अनुसूची (११) मा उल्लेख भएअनुसारका स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भएअनुसार सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

